# सिभिल लघुवित्त वित्तीय संस्था लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था)

सिभिल बैंक लिमिटेडको सहायक कम्पनी

CIVIL LAGHUBITTA BITTIYA SANSTHA LTD.

केन्द्रीय कार्यालय
चावहिल, काठमाडौं, नेपाल
टेलिफोन नं: ९७७-१-४५९८३३३, ४५९८३३४
ईमेल : info@civillaghubitta.com.np
वेबसाईट : www.civillaghubitta.com.np


च. नं. ५९१ /२०७९/८० मिति : २०७९/१०/२९

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरबार प्लाजा, काठमाडौं ।
श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लि., पुतलीसडक, काठमाडौं ।

**विषय : एघारौं वार्षिक साधारण सभा प्रयोजनको लागि सेयर दाखिल खारेज सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा, यस वित्तीय संस्थाको मिति २०७९/१०/२९ गते आइतबार साँझ ५:०० बजे बसेको सञ्चालक समितिको २०४ औं बैठकको निर्णयानुसार कम्पनीको ११ औं साधारण सभा मिति २०७९/११/२९ गते बस्न गइरहेको व्यहोरा अनुरोध गर्दै ११ औं वार्षिक साधारण सभा प्रयोजनको लागि हाल कायम सेयरधनीहरुलाई सेयर दाखिल खारेज सम्बन्धी निम्नानुसारको विवरण जानकारीको लागि अनुरोध गर्दछौं ।

| विषय | अंकमा | अक्षरमा | रकम रु. |
|---|---|---|---|
| नगद लाभांश प्रतिशत | ०.५७८९ (शून्य दशमलव पाँच सात आठ नौ), बोनस सेयरको कर प्रयोजनको लागि । | सोह्र लाख अठसट्ठी हजार अठासी रुपैयाँ र सतासी पैसा । | १६,६८,०८८/८७ |
| बोनस सेयर प्रतिशत | ११ (एघार) | तीन करोड सोह्र लाख त्रियानब्बे हजार छ सय अठासी रुपैयाँ र अन्ठाउन्न पैसा । | ३,१६,९३,६८८/५८ |
| **जम्मा** | **११.५७८९ (एघार दशमलव पाँच सात आठ नौ)** | **तीन करोड तेत्तिस लाख एकसट्ठी हजार सात सय सतहत्तर रुपैयाँ र पैतालिस पैसा ।** | **३,३३,६१,७७७/४५** |
| हकप्रद सेयर प्रतिशत | - | छैन | - |

**<u>एघारौं साधारण सभा प्रयोजनको लागि :</u>**

**सेयर दाखिल खारेज मिति (Book close date)** : २०७९/११/१४ गते ।

**हालको चुक्ता पूँजी** : रु. २८,८१,२४,४४१/६०

**एघारौं वार्षिक साधारण सभाको मिति** : २०७९/११/२९ गते सोमबार बिहान ११:०० बजे ।

***संलग्न :*** एघारौं वार्षिक साधारण सभा सम्बन्धी सूचना यही मिति २०७९/११/०१ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशन गरिने व्यहोरा अनुरोध गर्दछौं । साथै, प्रकाशन गरिने सूचनाको नमूना यसै पत्रसाथ **संलग्न** रहेको व्यहोरा समेत अनुरोध गर्दछौं ।

भवदीय,

देवकर कार्की
कम्पनी सचिव

कम्पनी सचिव

**वोधार्थ :** श्री सिभिल क्यापिटल मार्केट लि., सुन्धारा, काठमाडौं ।

# सिभिल लघुवित्त वित्तीय संस्था लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)

सिभिल बैंक लिमिटेडको सहायक कम्पनी

केन्द्रीय कार्यालय
चावहिल, काठमाडौं, नेपाल
टेलिफोन नं.: ९७७-१-४५९८३३३, ४५९८३३४
इमेल : info@civillaghubitta.com.np
वेबसाईट : www.civillaghubitta.com.np


## एघारौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशन मितिः २०७९/११/०१ गते)

श्री आदरणीय सेयरधनी महानुभावहरु,

यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०७९/१०/२९ (तदनुसार १२ फेब्रुअरी, २०२३) गते आइतबारको दिन बसेको २०४ औं बैठकको निर्णय बमोजिम वित्तीय संस्थाको ११ औं वार्षिक साधारण सभा देहायका विषयहरु उपर छलफल तथा पारित गर्न निम्न मिति, स्थान र समयमा बस्ने भएको हुँदा 'कम्पनी ऐन २०६३' को दफा- ६७(२) अनुसार सम्पूर्ण सेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**साधारण सभा बस्ने मिति, समय र स्थानः**

मिति : २०७९ साल फाल्गुन २९, गते सोमबार (तदनुसार १३ मार्च, २०२३)।

समय : बिहान ११:०० बजे।

स्थान : बोगनभिल्ला इभेन्ट्स, त्रिपुरेश्वर, काठमाडौं।

**वार्षिक साधारण सभाको छलफलका विषयहरुः**

**(क) सामान्य प्रस्तावहरुः**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्तसम्मको वासलात, मिति २०७८/०४/०१ गतेदेखि २०७९ आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण सहित सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने।

३. सञ्चालक समितिले प्रस्ताव गरे अनुरुप नेपाल राष्ट्र बैंकको स्वीकृति बमोजिम चुक्ता पूँजी रु. २८,८१,२४,४४१/६० को ०.५७८९ प्रतिशतको दरले रु. १६,६८,०८८/८७ (अक्षरेपी सोह्र लाख अठसट्ठी हजार अठासी रुपैयाँ र सतासी पैसा मात्र) बराबर नगद लाभांश (बोनस सेयरमा लाग्ने कर प्रयोजनका लागि) वितरण गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने।

४. कम्पनी ऐन, २०६३ को दफा-१११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा-६३ अनुसार वित्तीय संस्थाको आर्थिक वर्ष २०७९/८० को कारोबारको लेखापरीक्षण गर्नको लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने। (वर्तमान लेखापरीक्षक श्री आर. के. एसोसियट्स, चार्टर्ड एकाउन्टेन्टस् कम्पनीबाट लगातार तीन आर्थिक वर्षको लेखापरीक्षण भइसकेकोले निज पुनः नियुक्तिको लागि ग्राह्य नरहनु भएको)

५. स्वतन्त्र सञ्चालक नियुक्त गरिएको जानकारी गर्ने।

**(ख) विशेष प्रस्तावहरुः**

१. सञ्चालक समितिले प्रस्ताव गरे अनुरूप नेपाल राष्ट्र बैंकको स्वीकृति बमोजिम वित्तीय संस्थाको आर्थिक वर्ष २०७८/७९ सम्मको सञ्चित मुनाफाबाट सेयरधनीहरुलाई हाल कायम चुक्ता पूँजी रु. २८,८१,२४,४४१/६० को ११ प्रतिशतका दरले हुन आउने रकम रु. ३,१६,९३,६८८/५८ (अक्षरेपि तीन करोड सोह्र लाख त्रियानब्बे हजार छ सय अठासी रुपैयाँ र अन्ठाउन्न पैसा मात्र) बराबरको बोनस सेयर जारी गर्न स्वीकृत गर्ने।

२. हाल कायम रहेको पूँजी संरचनामा संस्थापक सेयरधनीको तर्फ ६० प्रतिशत र सर्वसाधारण सेयरधनीको तर्फ ४० प्रतिशत स्वामित्व रहेकोमा सो सेयर स्वामित्वमा परिवर्तन गरी संस्थापक सेयरधनीको तर्फ कम्तीमा ५१ प्रतिशत र सर्वसाधारण सेयरधनीको तर्फ ४९ प्रतिशत कायम गर्ने र सञ्चालक समितिमा सेयर स्वामित्व अनुरूप प्रतिनिधित्व हुने गरी व्यवस्था गर्ने।

३. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीका केही दफा तथा नियमहरुमा थप र संशोधन सम्बन्धी विशेष प्रस्ताव उपर छलफल गरी पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट कुनै फेरबदल वा संशोधन वा समायोजनका लागि निर्देशन वा सुझाव आएमा सोही अनुरुप गर्न गराउन सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी प्रदान गर्ने।

४. कम्पनी ऐन, २०६३ को दफा १०५ मा भएको व्यवस्था बमोजिम संस्थाले आफ्नो नियमित व्यावसायिक कारोबारको सिलसिलामा आफ्नो चुक्ता पूँजी र सञ्चित मुनाफा (फ्रि रिजर्भ) को जम्मा रकम भन्दा बढी हुने गरी कुनै पब्लिक कम्पनी वा बैंक वा वित्तीय संस्थाबाट ऋण लिन सक्ने अख्तियारी सञ्चालक समितिलाई दिने।

**(ग) विविध ।**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

### एघारौं वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारीः

१) साधारण सभा प्रयोजनका लागि मिति २०७९/११/१४ गते सेयर दाखिल खारेज दर्ता बन्द रहनेछ। नेपाल स्टक एक्स्चेञ्ज लिमिटेडमा मिति २०७९/११/१४ गतेभन्दा अघिल्लो दिनसम्म कारोबार भई प्रचलित कानुन बमोजिम यस वित्तीय संस्थाको सेयर रजिष्ट्रार सिभिल क्यापिटल मार्केट लिमिटेड, काठमाडौंमा प्राप्त सेयर नामसारीको आधारमा सेयरधनी दर्ता किताबमा कायम सेयरधनीहरुले साधारण सभामा भाग लिन योग्य हुनु हुनेछ।

२) साधारण सभामा भाग लिन इच्छुक सेयरधनी महानुभावहरुले हितग्राही परिचय नम्बर (BOID) र आफ्नो परिचय खुल्ने फोटो सहितको आधिकारिक परिचय पत्र वा सोको प्रतिलिपि अनिवार्य रुपमा प्रस्तुत गर्नु पर्नेछ।

३) साधारण सभाको सूचना, वार्षिक प्रतिवेदन सम्बन्धी विवरण, प्रोक्सी तथा कागजातहरु सबै सेयरधनी महानुभावहरुको लागि यस संस्थाको वेवसाइट www.civillaghubitta.com.np बाट हेर्न र प्राप्त गर्न सकिनेछ।

४) सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने सेयरधनीहरुले सम्पूर्ण सेयरको प्रतिनिधि एउटै व्यक्ति (विभाजन नहुने गरी) हुने गरी प्रतिनिधि पत्र (प्रोक्सी फाराम) भरी कम्पनीको केन्द्रीय कार्यालयमा सभा शुरु हुनुभन्दा कम्तिमा ७२ घण्टा अगावै दर्ता गरी सक्नु पर्नेछ। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति कम्पनीको सेयरधनी हुनु अनिवार्य छ।

५) कुनै सेयरधनीले एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) मुकरर गरेको अवस्थामा पहिलो दर्ता हुने प्रोक्सी मान्य हुनेछ। त्यसपछि आउने प्रोक्सी स्वतः बदर वा अमान्य हुनेछ।

६) कुनै संगठित संस्था वा कम्पनीले सेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले सेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ। त्यस्ता संगठित संस्थाबाट मनोनित व्यक्तिले ल्याउने गरी प्रोक्सी फाराममा संस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत हुनु पर्नेछ।

७) विक्षीप्त सेयरधनीको तर्फबाट यस कम्पनीको सेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन्।

८) सभा हुने दिन सभामा उपस्थितिका लागि हाजिरी पुस्तिका बिहान १०:०० बजे देखि सभा सञ्चालन हुञ्जेलसम्मको लागि खुल्ला रहनेछ।

९) सेयरधनीहरुले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सभाका सभापति आफैले वा सभाका सभापतिबाट आदेश पाएका व्यक्तिबाट सामूहिकरूपले उत्तर दिइनेछ।

१०) विविध शीर्षक अन्तर्गत छलफल गर्नुपर्ने विषयका वारेमा इच्छुक सेयरधनीले सभा हुनुभन्दा ७ (सात) दिन अगावै कार्यालय समयभित्र कम्पनी सचिव मार्फत अध्यक्षज्यूलाई सम्बोधन गरी लिखित रुपमा जानकारी दिनु पर्नेछ। उक्त लिखित जानकारीलाई औचित्य हेरी छलफलमा समावेश गर्न सक्ने भएता पनि पारित/निर्णय हुने प्रस्तावको रुपमा समावेश गरिने छैन।

११) सेयरधनी महानुभावहरु सभा स्थलमा आउँदा छाता, झोला वा अन्य कुनै वस्तु नलिई आउनु हुन अनुरोध गरिन्छ। सभा अवधिभर सभा स्थलमा रहेको सुरक्षाकर्मीले आवश्यक देखेमा सुरक्षा जाँच गर्न सक्ने भएको हुँदा निजहरुलाई सहयोग गरिदिनु हुन अनुरोध गरिन्छ।

१२) अन्य जानकारीको लागि वित्तीय संस्थाको केन्द्रीय कार्यालय चावहिल, काठमाडौं (फोन नं. ०१-४५९८३३३/४५९८३३४) मा सम्पर्क राख्नुहुन अनुरोध छ।

**विशेष अनुरोधः** कोभिड लगायत अन्य सरुवारोगबाट हुन सक्ने सम्भावित असरहरुलाई मध्यनजर गरी नेपाल सरकारले पालना गर्नुपर्ने भनि तोकेका सम्पूर्ण स्वास्थ्य सुरक्षाका उपायहरु अवलम्बन गर्नुपर्ने भएकोले वार्षिक साधारण सभामा उपस्थित हुन चाहने सेयरधनी महानुभावहरुले अनिवार्य रुपमा तोकिए बमोजिमका स्वास्थ्य सुरक्षाका उपायहरु स्वयं आफैंले पालना गर्नुपर्ने व्यहोरा समेत अनुरोध छ।

कम्पनी सचिव

CIVIL LAGHUBITTA BITTIYA SANSTHA LTD